नेपाल सरकार
खानेपानी मन्त्रालय

फोन नं.: ४२११४३३
फ्याक्सः ९७७-१-४२११६९३
सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्या :-
चलानी नं. :-

## खानेपानी तथा सरसफाइ नियमावली, २०८१ सम्बन्धी खानेपानी मन्त्रालयको प्रेस नोट

खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा ५९ ले दिएको अधिकार बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भई नेपाल राजपत्रमा मिति २०८१ माघ १० गते प्रकाशित खानेपानी तथा सरसफाइ नियमावली लागू भैसकेको सन्दर्भमा स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी सहज रुपमा उक्त सेवा उपलब्ध गराउन यस नियमावलीमा देहायका कानूनी व्यवस्थाहरु रहेको ब्यहोरा अनुरोध गर्न चाहन्छु ।

- खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयनमा संघ, प्रदेश र स्थानीयको क्षेत्राधिकार, जिम्मेवारी र दायित्व प्रष्ट पारिएको छ ।
- साना घरेलु उपयोगका आयोजनाहरु बाहेकका खानेपानी तथा सरसफाइ सेवाको सर्वेक्षण, निर्माण तथा संचालनको लागि अनुमति लिनुपर्ने नयाँ व्यवस्था गरिएको छ ।
- मन्त्रालयले तोकेको अधिकारीले रीत पूर्वक निवेदन प्राप्त भैसकेपछि तोकिएको दस्तुर लिएर ९० दिन भित्र अनुमतिपत्र दिने व्यवस्थापन मिलाइएको छ ।
- अनुमतिप्राप्त सेवा प्रदायकहरुको विवरण ३ वटै तहको सरकारलाई जानकारी गराउनु पर्ने व्यवस्था छ ।
- यस भन्दा पहिले विधिवत रुपमा दर्ता भएर संचालन तथा व्यवस्थापन गरिरहेका संगठित उपभोक्ता सस्थाहरुले अनुमतिपत्र लिनु नपर्ने तर नियमावली प्रारम्भ भएको मितिले ६ महिना भित्र स्थानीय तहमा सूचिकृत हुनुपर्ने व्यवस्था गरिएको छ ।
- महशुल निर्धारण आयोगले निर्धारण गरेको भन्दा बढी शुल्क तथा महसूल लिएमा अनुमतिपत्र खारेज हुन सक्ने प्रावधान छ ।
- संचालन तथा व्यवस्थापन गर्न सेवाको स्तर मापनको लागि कार्यसम्पादन सूचकहरु तोकिएको र सूचकका आधारमा नियमन, अनुगमन हुने व्यवस्था छ ।
- मन्त्रालयले तोकेको निरिक्षक र अनुमतिपत्र प्रदान गर्ने अधिकारीले प्रणाली एवं सेवामा सुधार गर्न निर्देशन दिन सक्ने छ ।
- लगातार राम्रो कार्यसम्पादन गर्न नसक्ने सेवा प्रदायकहरुलाई खारेज गर्न सकिने छ ।
- नयाँ उपभोक्ता संस्थाहरु स्थानीय तहमै दर्ता हुने व्यवस्था गरिएको छ ।
- सेवा क्षेत्रमा दोहोरोपना हुने गरी र उपयोग भैरहेको पानीको परिमाणमा कटौती हुने गरी संस्था दर्ता गर्न नपाइने
- सेवा प्रदायकले सम्बन्धित स्थानीय तहसंग समन्वय नगरी काम नगर्ने व्यवस्था गरिएको छ ।
- आयोजनाको स्वामित्व नेपाल सरकारमा हुने र भोगचलनका लागि स्थानीय तह वा संगठित संस्थालाई दिइने छ ।
- सेवा प्रदायकले खानेपानी तथा सरसफाइ संरचनाको विवरण ३० दिनभित्र वेबसाइटमा सार्वजनिक गरी खानेपानी तथा सरसफाई व्यवस्थापन विभागलाई जानकारी दिनुपर्ने छ ।
- खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २८ ले खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोग गठन गर्ने व्यवस्था गरेकोमा यस नियमावलीले आयोगको काम तथा जिम्मेवारीलाई थप प्रष्ट पारेको छ ।
- २००० भन्दा बढी धारा भएका खानेपानी सेवा प्रदायकले कूल महसूलको १ प्रतिशत रकम नेपाल सरकारको राजश्व खातामा जम्मा गर्नुपर्ने छ ।
- सेवा प्रदायकहरुले सेवाको उपयोग गरे बापत शुल्क तथा महसूल निर्धारणको लागि आयोगमा निवेदन दिनुपर्ने छ ।
- आयोगले रीतपूर्वक निवेदन पेश भएको ६० दिनभित्र तोकिएका आधारहरु बमोजिम सार्वजनिक सुनुवाई समेत गरी महसूल निर्धारण गर्नुपर्ने र निर्धारित शुल्कलाई वेबसाइट मार्फत सार्वजनिक गर्नुपर्ने छ ।

नेपाल सरकार
# खानेपानी मन्त्रालय

फोन नं.: ४२११४३३
फ्याक्स: ९७७-१-४२११६९३
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :-

चलानी नं. :-

- विपन्न वर्गलाई धारा तथा ढल जडान बापतको शुल्क तथा महसूलमा छुट दिनुपर्ने व्यवस्था मिलाइएको छ ।
- उपभोक्ताले सेवा प्रदायकलाई बुझाउनुपर्ने महसूल तथा शुल्क समयमा नबुझाएमा विलम्ब शुल्क बुझाउने व्यवस्था गरेको र अटेर गरेमा सेवा नै बन्द समेत गर्न सक्ने व्यवस्था गरेको छ ।
- औद्योगिक तथा व्यापारिक क्षेत्रबाट उत्सर्जित फोहोरपानी नेपाल सरकारले तोकेको मापदण्ड पालना हुने गरी प्रशोधन गरेर मात्र ढल निकास प्रणालीमा जोड्नुपर्ने व्यवस्था रहेको छ ।
- सेवा प्रदायकले तोकिएको गुणस्तर र मापदण्डको स्वच्छ तथा गुणस्तरीय खानेपानी आपूर्ति गर्नुपर्ने कर्तव्य गरेको छ ।
- खनेपानी तथा ढल व्यवस्थापन विभागले खानेपानी र फोहोरपानीको परीक्षण गर्न सरकारी तथा इजाजतप्राप्त निजी प्रयोगशालाहरु सूचिकृत गरी वेबसाइटमा सार्वजनिक गर्नुपर्ने र गुणस्तर पाश्र्वचित्र समेत प्रकाशन गर्नुपर्ने पव्यवस्था रहेको छ ।
- निरिक्षकको काम, कर्तव्य र जिम्मेवारी तोकिएको, संचालन अनुगमन सेवा प्रदायक आफैंले गर्ने, परिपालन अनुगमन मन्त्रालयले तोकेको निरिक्षकले गर्ने र निगरानी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्ने व्यवस्था गरिएको छ ।
- सेवाको गुणस्तर र सेवा सम्बन्धी कुनै गुनासो भएमा सो गुनासोको सुनुवाइ १५ दिनभित्रै गर्नुपर्ने व्यवस्था गरिएको छ।
- आयोगले निर्धारण गरेका शुल्क तथा महसुलको मूल्य सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ ।
- सेवा प्रदायकले आर्थिक वर्ष सम्पन्न भएको ६० दिनभित्र वार्षिक प्रतिवेदन अनुमति प्रदान गर्ने अधिकारी वा स्थानीय तहमा बुझाउनुपर्ने व्यवस्था गरिएको छ।

यस नियमावलीमा रहेका अन्य कानूनी व्यवस्थाहरु मुद्रण विभागको वेबसाइटमा सार्वजनिक भैसकेकोले विस्तृत जानकारीको लागि यहाँहरुलाई सो अध्ययन गर्न र यस ऐन तथा नियमावलीलाई सम्पूर्ण सरोकारवाला तथा आम उपभोक्ता समक्ष पुर्याई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि म हार्दिक अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

माननीय प्रदिप यादव

मन्त्री, खानेपानी मन्त्रालय

२०८१ माघ ११

यस अनुसारको प्रेस विज्ञप्ति जारि भएको छ ।

...........

मीना श्रेष्ठ

प्रवक्ता ,सह सचिव

खानेपानी मन्त्रालय